# नेपाल राष्ट्र बैंक

नेपालगञ्ज कार्यालय

## ३०० के.भी.ए. ट्रान्सफरमर

## खरिद गर्ने बारेको सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७३/०७/१९)

यस कार्यालयको लागि ३०० के.भी.ए. क्षमताको ट्रान्सफरमर थान १ आवश्यक भएको हुँदा बैंकले तोकेको स्पेसिफिकेशन बमोजिम खरिद गरी जडान गनुपर्ने भएकोले इच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपूर्वकको सिलवन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विवरण | संख्या | अधिकतम अनुमानित प्रति थान मुल्य (रू.) |
|---|---|---|---|
| १ | ३०० के.भी.ए. क्षमताको ट्रान्सफरमर | १ | रू.१५,००,०००।- (मु.अ.कर समेत) |

१. सिलवन्दी दरभाउपत्र फाराम यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिदेखि १५ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह ४.०० बजेसम्म तोकिएको दस्तुर रू.५००।- तिरी (पछि फिर्ता नहुने गरी) यस बैंकको नेपालगञ्ज कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय नेपालगन्जबाट खरीद गर्न सकिने छ । साथै, सिलवन्दी दरभाउपत्रका साथमा खरिद गरिने सामानको टेक्निकल स्पेसिफिकेशन समेत उपलब्ध गराईनेछ ।

२. दरभाउपत्रदाताले ट्रान्सफरमर सबै किसिमले जडानयोग्य भएको व्यहोराको नेपाल विद्युत प्राधिकरणको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

३. दरभाउपत्र पेश गर्न चाहने फर्म/कम्पनीहरुले सिलवन्दी दरभाउपत्रका साथ फर्म/कम्पनी दर्ता गरेको प्रमाणपत्र, व्यवसाय नविकरण गर्नुपर्ने भए सो समेतको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर कार्यालयमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि र आ.व.२०७२/७३ को सम्बन्धित कर कार्यालयबाट कर चुक्ता गरेको प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ । साथै, फर्म वा कम्पनीको तर्फबाट सिलवन्दी दरभाउपत्र पेश गर्दा फर्मका तर्फबाट अख्तियारी दिईएको भए सोको पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४. सिलवन्दी दरभाउपत्रकासाथ जमानत वापत रु.४५,०००।- (रुपैया पैतालीस हजार मात्र) रकम नगदै यस बैंकको नेपालगञ्ज कार्यालयको **सण्ड्री क्रेडिटर्स हिसाब २१०९९९९/०११/००२/५२४** मा जम्मा गरेको सक्कल भौचर वा यस बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट जारी गरिएको दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ७५ दिनको मान्य अवधि भएको बैंक जमानत पत्र संलग्न गर्नु पर्नेछ ।

५. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा तत्पश्चात कार्यालय खुलेको पहिलो दिन) को अपरान्ह १२.०० बजे भित्र सिलवन्दी दरभाउपत्र यस बैंकको नेपालगञ्ज कार्यालयको आन्तरिक प्रशासन फाँटमा पेश गरिसक्नु पर्नेछ । साथै, सोही दिन अपरान्ह २.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा (उपस्थिति नभए पनि) सिलवन्दी दरभाउपत्र खोलिनेछ ।

६. सिलवन्दी दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराम, सार्वजनिक खरिद ऐन २०६३ र नेपाल राष्ट्र बैंक, खरिद विनियमावली, २०७१ मा उल्लेख भए बमोजिम हुनेछ । यस सम्बन्धमा थप जानकारी चाहिएमा यस बैंकको नेपालगञ्ज कार्यालय आन्तरीक प्रशासन फाँटमा कार्यालय समयभित्र सर्म्पक राख्न सकिनेछ ।

७. यो सुचना बैंकको वेभसाइट www.nrb.org.np मा समेत प्रकाशन गरिएको छ ।